# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४४ | काठमाडौं | शनिबार, २३ जेठ २०८३ | Prabhab National Daily | Saturday, 6 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## सरकारको विभेदकारी विज्ञापन नीतिविरूद्ध महासंघ थप आन्दोलित

- यही जेठ २५ देखि असार ५ गतेसम्मका लागि दबाबमूलक कार्यक्रम तय
- सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी सरकारी निर्णय खारेजीको माग
- दुई महिना दबाब र पहल जारी राख्दा सरकारले माग सुनुवाइको छनक नदेखाएकोप्रति महासंघ रूष्ट




**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले विज्ञापनसम्बन्धी विभेदकारी सरकारी निर्णय खारेजीका लागि थप दबाबमूलक कार्यक्रम घोषणा गरेको छ । महासंघले शुक्रबार सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी सरकारी निर्णय खारेजी, प्रेसको संवैधानिक हकको रक्षाका साथै संसद्बाटै सर्वपक्षीय कार्यदल गठन गरी संविधान संशोधनको पहल र निर्वाध सूचना उपभोगको सुनिश्चितताका लागि थप दबाबमूलक आन्दोलन घोषणा गरेको हो ।

महासंघले यही जेठ २५ देखि असार ५ गतेसम्मका लागि तय गरिएका कार्यक्रममा जेठ २५ गते बिहान ११ बजे महासंघका सबै संरचनाले संकलन गरेको हस्ताक्षर ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाउने, जेठ २७ र २९ गते दुई दिन बिहान ११ बजेदेखि १२ बजेसम्म सबै जिल्ला प्रशासन कार्यालयमा जिल्ला शाखाको अगुवाइमा धर्ना दिनेलगायत छन् ।

यसैगरी असार १ र ३ गते दुई दिन बिहान ११ बजेदेखि १२ बजेसम्म महासंघका प्रदेश समितिको अगुवाइमा सबै मुख्यमन्त्रीको कार्यालयमा धर्ना दिने, असार ५ गते केन्द्रीय समितिको आयोजनामा पेसागत संगठन र सरोकारवालासहित काठमाडौंमा बृहत् ऐक्यबद्धता ऱ्याली गर्ने महासंघको कार्यक्रममा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

### भारत भ्रमण सकेर फर्किए रवि

## सीमा समस्या 'ढोल बजाएर' समाधान नहुने तर्क

**काठमाडौं (प्रस)–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले नेपाल–भारतबीचको सीमासम्बन्धी विवादको विषय कूटनीतिकरूपमा समाधान गरिने बताएका छन् । भारत भ्रमण सम्पन्न गरी शुक्रबार स्वदेश फर्किएका सभापति लामिछानेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले सीमा समस्या 'ढोल बजाएर' समाधान नहुने बताएका हुन् ।

'कूटनीतिको माध्यमबाट गरिने प्रयास महत्त्वपूर्ण हुन्छ, तिनको आवाज ढोल बजाएर हुँदैन, तर ढोल नबजाइकन देशका बारेमा गर्नुपर्ने ठाउँमा, गर्नुपर्ने जसरी र चरणबद्ध तरिकाले गर्नुपर्ने हुन्छ, त्यसैले कूटनीतिक ढंगले अगाडि बढेको छ,' उनले भने ।



नेपालले पनि भारतको सीमा मिचेको छ भन्दै प्रधानमन्त्री वालेन्द्र शाहले संसद्मा दिएको अभिव्यक्ति यतिखेर विवादित बनेको छ । यही बेला भारत भ्रमणमा गएर फर्किएका लामिछनेले भारतसँगको सीमाका विषयमा परराष्ट्र मन्त्रालयको जवाफ आधिकारिक भएको बताए ।

क्रमशः पृष्ठ २ मा

# सरकार र प्रशासनबीच द्वन्द्व

## प्रधानमन्त्रीलाई मेसेज गरेकै आधारमा बहालवाला सचिवलाई प्रहरीले केरकार गरेपछि कर्मचारीतन्त्रमा तरंग

> नयाँ प्रधानमन्त्री, मन्त्री आउँदैमा पूरै रिजल्ट आइहाल्ने होइन । कानुनी राज्यमा सबै प्रक्रिया पनि पूरा गर्नुपर्ने हुन्छ । कुन कामका लागि कति समय लाग्छ भन्ने विज्ञता भएकाहरूलाई थाहा हुन्छ ।
>
> **किशोर थापा**
> पूर्वसचिव



**कृष्णहरि पुस्कर**
सचिव



**वालेन्द्र शाह**
प्रधानमन्त्री

- एक जना पूर्वप्रशासक भन्छन्– प्रधानमन्त्रीलाई मेसेज गरेकै भरमा सचिवलाई पक्राउ गर्नु र केरकार गर्नु ठीक भएन
- विवादमा तानिएका सचिव पुस्करलाई शुक्रबार उपराष्ट्रपति कार्यालयबाट सरुवा गरी प्रधानमन्त्री कार्यालयमा जगेडामा राखियो

**प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २१ गतेको निर्वाचनपछि बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार र कर्मचारीबीच द्वन्द्व बढ्न थालेको छ । सरकार सञ्चालनमा प्रधानमन्त्री वालेन्द्र शाहको नयाँ शैली र कर्मचारीको पुरानै शैलीका कारण सरकार र प्रशासनबीच द्वन्द्व बढ्न थालेको हो ।

यसको पछिल्लो उदाहरण हो, प्रधानमन्त्री शाहलाई मेसेज गरेको आरोपमा नेपाल सरकारका सचिव कृष्णहरि पुस्कर पक्राउ प्रकरण । सचिव पुस्कर नयाँ शैलीमै काम गर्न रुचाउने प्रशासक हुन् । उनी विभिन्न दलको सरकारका पालामा छिटोछरितो काम गरेकै कारण चर्चामा आइरहन्थे ।

यसैगरी छिट्टै सचिवमा बढुवा भएका पुस्कर सुमनराज अर्याल मुख्यसचिव बन्ने समयमा पनि मुख्यसचिवका दाबेदार थिए । धेरैले प्रधानमन्त्री शाहले पुस्करलाई नै मुख्यसचिव बनाउँछन् भनी आँकलनसमेत गरेका थिए । यद्यपि, मुख्यसचिव बन्न नपाएका पुस्कर उपराष्ट्रपति कार्यालयमा पुगे ।

उनै पुस्करले बिहीबार प्रधानमन्त्री शाहलाई राजदूत बन्न चाहेको आशयसहितको मेसेज पठाएका थिए । प्रहरी स्रोतका अनुसार उनले लेखेका थिए, 'सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकारका सचिवको कार्यकाल पाँच वर्षको हुने व्यवस्था छ । सम्माननीयज्यू, यसरी हेर्दा मुख्यसचिव पदमा हजुरको विशेष ध्यान भएमात्रै, नत्र कुनै सम्भावना छैन हजुर । त्यही भएर मेरो सेवानिवृत्ति आगामी असार २४ गते सुनिश्चित छ । यसैबीच राजदूत पदका लागि विज्ञापन हेरेँ र मैले पनि आवेदन पेस गरेँ, हजुर । यस सन्दर्भमा हजुरको जानकारी, मार्गदर्शन तथा आवश्यक सहयोगका लागि विनम्र अनुरोध गर्दछु । अगाडि हजुरको जो आदेश ।'

यही मेसेजका आधारमा उनलाई प्रधानमन्त्री शाहको निर्देशन भन्दै बिहीबार साँझ प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो । प्रधानमन्त्री शाहले कुनै कर्मचारीलाई मेसेज गरेकै भरमा यसरी पक्राउ गर्नु बिल्कुलै गलत कार्य भएको पूर्वप्रशासकहरू बताउँछन् । 'मेसेज गरेकै भरमा प्रधानमन्त्रीले सचिवलाई पक्राउ गर्नु र केरकार गर्नु ठीक भएन,' एक पूर्वप्रशासकले भने । विवादमा तानिएका सचिव पुस्करलाई शुक्रबार उपराष्ट्रपति कार्यालयबाट सरुवा गरी प्रधानमन्त्री कार्यालयमा जगेडामा राखिएको छ ।

यसअघि श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ्य बिमा बोर्डको सदस्यमा निरन्तरता दिएको घटनामा निवर्तमान स्वास्थ्यमन्त्री बनेका दिपक शाह विवादमा तानिएका थिए । त्यसको केही समयमै प्रधानमन्त्री शाहले उनलाई मन्त्री पदबाट बर्खास्त गरिदिए । यद्यपि आफूलाई उक्त निर्णयमा फसाएको आरोपमा पूवमन्त्री शाहले सिंहदरबारस्थित मन्त्रालयमा रहेका भीम सापकोटालाई हेटौंडा र डा. कृष्ण पौडेललाई रौतहट सरुवा गरिदिएका थिए ।

रास्वपाको सरकार बनेसँग नागरिकको चाहनाअनुसार गति बढाउन थालिएको बताइएको छ । यहीअनुसार सरकारले दलीय ट्रेड युनियनसमेत खारेज गर्ने निर्णय गरेको थियो । यसपछि विभिन्न सरकारी निर्णयमा कर्मचारीले आलटाल गर्न थालेका छन् । स्रोतसाधन नहुँदा कर्मचारीले हैरानी खेप्नुपरेको भन्दै हिजोआज मन्त्रीको सचिवालयतिरै धेरै काम पन्छाउन थालिएको एक प्रशासकले बताए । 'हुँदै नहुने कामहरू ल्याएर थोपर्छन् । काम गरे कर्मचारी नै फस्छन् । त्यसैले हिजोआज कर्मचारीहरू तर्किने र सकेसम्म बच्न थालेका छन्,' ती प्रशासकले भने ।

स्वास्थ्य मन्त्रालयका एक सहसचिव जेन–जी सरकारका मन्त्रीका सचिवालयबाट वाक्कदिक्क भएको बताउँछन् । एक त मन्त्रालयको कार्यालय व्यवस्थित नभएको अर्को जेन–जी शैलीका कारण धेरै काम अघि बढ्नै नसक्ने अवस्थामा पुगेको ती सहसचिवले बताए । 'जेन–जी विद्रोहपछि स्वास्थ्य मन्त्रालयमा आगो लाग्यो । अहिले सिंहदरबारमा सानो क्याम्पजस्तो गरी चलाएका छौं । यहाँ पनि मन्त्री फेरेको फेर्‍यै छ । सचिवालय पनि नयाँ–नयाँ आइरहेको छ । उनीहरूका व्यवहार हेर्दा दिक्कलाग्दो छ,' ती सहसचिवले भने ।

सरकारले हालै २२ मन्त्रालय घटाएर १८ वटा मन्त्रालय बनाए पनि कर्मचारीले आलटाल गर्दा अझै पनि मन्त्रालयहरू गाभिएका छैनन् । जसका कारण सेवाग्राही कहाँ पुगेर काम गर्ने विषयमा अलमलमा पर्छन् । 'अहिले कर्मचारी रोबोटजस्ता भएका रहेछन् । ठाडो आदेश आयो भने काम गर्ने नभए चुप लागेर बस्ने । काम गर्न पहिलेभन्दा पनि निकै मुस्किल भएको छ,' भूमि मन्त्रालयमा पुगेका एक सेवाग्राहीले सुनाए । ती सेवाग्राही सामान्य प्रशासन मन्त्रालयका काम लिएर भूमि मन्त्रालय पुगेका रहेछन् । सरकारको पछिल्लो निर्णयअनुसार सामान्य प्रशासन मन्त्रालय भूमिमा गाभिएको छ । तर अहिलेसम्म भूमिमा सामान्य प्रशासन नगाभिएको मन्त्रालयले जनायो । 'समस्या लिएर सामान्य प्रशासन मन्त्रालय रहेको पुरानो भवनमा पुग्दा भूमिमा जानु भने, भूमिमा पुग्दा गाभेको छैन भने,' ती सेवाग्राहीले सुनाए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## संघको निर्वाचनका लागि आज उम्मेदवारी दर्ता

### अध्यक्षमा स्वतन्त्र समूहबाट पाण्डे र प्रगतिशील मञ्चबाट खत्रीको उम्मेदवारी घोषणा

- स्वतन्त्र व्यवसायी समूह हरिबहादुर पाण्डेको नेतृत्वमा प्यानलसहित चुनावी मैदानमा
- एमालेनिकट प्रगतिशील मञ्चबाट डिकबहादुर खत्रीको नेतृत्वमा प्यानल तयार गरिँदै
- लोकतान्त्रिक एसोसिएसनमा उम्मेदवार टुंग्याउनै सकस; देवकुमार खोखाली, मेघनाथ भुर्तेल, नवराज केसी र प्रज्ञान न्यौपाने अध्यक्षका आकांक्षी
- गणतान्त्रिक मञ्च कसलाई साथ दिने भन्ने अलमलमै

**ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूबीच चुनावी सरगर्मी बढेको छ । व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा भोलि (२४ जेठ) नयाँ कार्यसमिति चुनिने भएसँगै चुनावी माहोल बढेको छ ।

विवादका कारण एक वर्षमै भुवनसिं गुरुङ नेतृत्वको कार्यसमिति विघटन भएपछि विशेष साधारणसभामार्फत नयाँ नेतृत्व चयन गर्न लागिएको हो । जसकारण विभिन्न दलका घटक संस्थाहरू उम्मेदवार छान्न व्यस्त छन् ।

शुक्रबार स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी समूहले उम्मेदवारी घोषणा गरेको छ । समूह हरिबहादुर पाण्डेको नेतृत्वमा चुनावी मैदानमा उत्रिने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति तालमेल गरेर चुनावी मैदानमा होमिने भएसँगै एकता समितिका अध्यक्षसमेत रहेका पाण्डेलाई अध्यक्षमा उठाउने निर्णय भएको हो ।

समूहले व्यवसायीका मुद्दा सरकारसँग राख्न सक्ने व्यक्तिलाई संघको नेतृत्व दिएको दाबी गरेको छ । पाण्डेको प्यानलबाट प्रथम उपाध्यक्षमा सञ्जु गुरुङ, महासचिवमा रास्वपाका श्रम उपभोक्ता समितिका केन्द्रीय सदस्यसमेत रहेका नूर मोहम्मद मियाँ, सचिवमा नवराज लुइँटेल, कोषाध्यक्षमा विनिता कटवाल र सदस्यमा शिवशंकर यादवको उम्मेदवारी घोषणा गरेको छ । संघको कार्यसमितिमा १७ जना निर्वाचित भएर आउने प्रावधान छ । बाँकी रहेका उम्मेदवारको टुंगो आज (शनिबार) ११ बजेभित्र लगाउने जनाइएको छ ।

उम्मेदवारी घोषणासभामा बोल्दै अध्यक्षका उम्मेदवार पाण्डेले अब कुनै पार्टीको निर्देशनमा नभई स्वतन्त्ररूपमा काम गर्ने बताए । 'हामी नेतृत्वमा पुगेपछि राज्यलाई दबाब होइन आग्रह गर्छौं । सरकार र व्यवसायीबीच पुलको रूपमा काम गर्छौं । यो पार्टी, त्यो पार्टी नभनी व्यवसायीको मुद्दा सरकारसँग निर्धक्क भएर अब हाम्रो टिमले राख्छ,' पाण्डेले भने ।



> हामी नेतृत्वमा पुगेपछि राज्यलाई दबाब होइन आग्रह गर्छौं । सरकार र व्यवसायीबीच पुलको रूपमा काम गर्छौं । यो पार्टी, त्यो पार्टी नभनी व्यवसायीको मुद्दा सरकारसँग निर्धक्क भएर अब हाम्रो टिमले राख्छ ।
>
> **हरिबहादुर पाण्डे**
> स्वतन्त्र व्यवसायी समूहबाट अध्यक्षका प्रत्याशी



> हामी २०औं वर्ष यो क्षेत्रमा लगानी गर्छौं तर पुस्तान्तरण गर्न सकेका छैनौं । मैले गरेको लगानी मेरो छोराले क्यारी गर्न सक्ने अवस्था बन्नपर्छ । वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउने मेरो सपना छ ।
>
> **डिकबहादुर खत्री**
> प्रगतिशील मञ्चबाट अध्यक्षका प्रत्याशी

यता नेपाल एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अध्यक्षमा मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीलाई उठाउने भएको छ । वैदेशिक रोजगार क्षेत्रको छवि सङ्ल्याएर पुस्तान्तरण गर्न योग्य बनाउने सपना पूरा गर्न संघको नेतृत्व सम्हाल्न चाहेको खत्रीले बताएका छन् । 'हामी २० औं वर्ष यो क्षेत्रमा लगानी गर्छौं तर पुस्तान्तरण गर्न सकेका छैनौं । मैले गरेको लगानी मेरो छोराले क्यारी गर्न सक्ने अवस्था बन्नपर्छ,' खत्रीले भने, 'यो क्षेत्रलाई पारदर्शी र मर्यादित बनाउने हो भने फिलिपिन्सका एजेन्सीजस्तै हामी पनि स्थापित हुन सक्छौं ।

क्रमशः पृष्ठ २ मा

## 'सिण्डिकेटविरूद्ध अडान लिएकै कारण मलाई हटाइयो'



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष भुवनसिंह गुरुङले अदृश्य शक्तिको चलखेलले आफूलाई नेतृत्वबाट हटाएको दाबी गरेका छन् । शुक्रबार आफ्नो कार्यकालमा सम्पादित कार्यहरू सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा गुरुङले आफू सिण्डिकेटको बाधक भएकै कारण संघबाट हटाइएको दाबी गरेका हुन् ।

निवर्तमान अध्यक्ष गुरुङले आफू अप्ठ्यारो परिस्थितिमा रहेका बेला सबै पक्षले अमानवीय व्यवहार गरेकोसमेत गुनासो गरे । 'सिण्डिकेटको बाधक भएकाले म पितृकार्यमा भएको बेला ममाथि यस्तो अन्याय भएको छ । सिडिओ कार्यालयमा पटक–पटक सम्पर्क गर्दा छलफलको सुविधा पनि दिइएन । उहाँहरूले पनि यस्तै दिन देख्नपर्ला,' उनले भने ।

आफू नेतृत्वको कार्यसमितिका सदस्यहरूलाई रातारात हस्ताक्षर गर्न लगाएर जबरजस्ती विवाद सिर्जना गरिएको उनको आरोप छ ।

क्रमशः पृष्ठ २ मा

प्रधानमन्त्री कार्यालयको निर्देशन

## व्यवसायीले श्रमिकको नियमित अनुगमन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** विदेशमा कार्यरत नेपाली श्रमिकहरूले रोजगार सम्झौताअनुसार तलब, सेवा–सुविधा तथा सुरक्षित आवास नपाएको लगायतका गुनासो बढ्दै गएपछि सरकारले वैदेशिक रोजगार व्यवसायी तथा सम्बन्धित निकायलाई श्रमिकहरूको नियमित अनुगमन गर्न निर्देशन दिएको छ ।

शनिर्णयअनुसार इजाजतपत्रप्राप्त सबै वैदेशिक रोजगार व्यवसायीले आफूहरूले विदेश पठाएका श्रमिकहरूको नियमित अनुगमन गर्नुपर्ने छ । प्रत्येक श्रमिक समूहबाट कम्तीमा पाँचदेखि १० जनासम्मसँग प्रत्यक्ष सम्पर्क गरी रोजगार सम्झौताअनुसार तलब, सेवा–सुविधा, आवास, कार्य वातावरण तथा अन्य सर्तहरूको कार्यान्वयन अवस्थाबारे जानकारी संकलन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

संकलित विवरणको व्यवस्थित अभिलेख राखी आवश्यक पर्दा सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने छ । साथै रोजगार सम्झौताविपरीत अवस्था भेटिएमा सम्बन्धित रोजगारदाता कम्पनीसँग तत्काल समन्वय गरी समस्या समाधान गर्नुपर्ने निर्देश गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

# बाँदर आतंकको समाधान खोज्दै सरकार

## कार्यदलले माग्यो राय सुझाव

**काठमाडौं–** सरकारले बाँदर तथा अन्य वन्यजन्तुले कृषि बालीनालीमा पुऱ्याइरहेको क्षति नियन्त्रणका उपाय खोज्न सर्वसाधारणबाट सुझाव संकलन सुरु गरेको छ। कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत गठित 'मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदलले उक्त विषयमा १५ दिनभित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको हो।

बाँदर, बँदेल, नीलगाई र दुम्सीलगायतका वन्यजन्तुबाट हुने क्षति कम गर्ने उपाय र नीतिगत सुधारका लागि कार्यदलले सर्वसाधारण तथा विज्ञहरूसँग सुझाव मागेको छ। मन्त्रालयकी उपसचिव एवं कार्यदलकी सदस्य शिला ज्ञवालीले किसान, स्थानीय तह, सरोकारवाला निकाय तथा विज्ञहरूको अनुभव र प्राविधिक सुझावका आधारमा व्यावहारिक तथा कार्यान्वयनयोग्य समाधान खोज्न लागेको बताइन्। उक्त विषयमा इच्छुकले आफ्नो राय सुझाव प्राविधिक कार्यदलको सचिवालय, मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको इमेल र क्युआर कोडमार्फत उपलब्ध गराउन सक्ने जनाएको छ।

> "बाँदरको बन्ध्याकरण वा स्थानान्तरणले मात्र एकलरूपमा काम नगर्ने देखिएकाले नेपालको विशिष्ट परिस्थिति सुहाउँदो बासस्थान समृद्धि, प्राकृतिक प्रतिरोध (जस्तैः लंगुरको प्रयोग) र बाँदरले नखाने वैकल्पिक बालीतर्फ किसानलाई आकर्षित गर्नेजस्ता संयुक्त विज्ञान आधारित प्याकेजका विकल्पमा गहन छलफल भइरहेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधिहरू, संरक्षणकर्मी तथा अनुसन्धानकर्ता, अर्थविज्ञ, कृषि, पशु चिकित्सकलगायतका विज्ञ सदस्यहरू उक्त कार्यदलमा छन्।

कार्यदलका संयोजक होम क्षेत्रीले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि नीति, कार्यक्रम, राहत, क्षतिपूर्ति र व्यावहारिक व्यवस्थापनका उपायबारे राय सुझाव संकलन गरिने बताए। बाँदरलगायत वन्यजन्तुबाट पीडित किसानलाई तत्काल राहत दिन र दीर्घकालीन रणनीति बनाउन पूर्वसंयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय विज्ञ क्षेत्रीको समन्वयमा उक्त कार्यदलले स्थलगत अध्ययनसमेत अघि बढाइसकेको छ। 'कार्यदलले देशैभरिबाट व्यावहारिक एवं कार्यान्वयनयोग्य उपाय माग्ने र स्थलगत रूपमा काम सुरु गरिसकेको छ,' उनले भने।

पूर्वी पहाडदेखि सुदूरपश्चिमसम्म वन्यजन्तुको निरन्तर आक्रमणका कारण हजारौं परिवार खेतीपाती छोड्न, दिनरात खेतबारी कुर्न र कतिपय ठाउँमा गाउँ नै छाडेर बसाइँ सर्न बाध्य भएकाले सरकारले यस समस्यालाई निकै गम्भीरताका साथ लिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले प्रतिनिधिसभाको यही जेठ १७ गतेको बैठकमा सांसदहरूसँगको प्रश्नोत्तरका क्रममा उक्त समस्या समाधानका लागि कार्यदल गठन भएको जानकारी गराएका थिए। उनले भनेका थिए, 'बाँदरको समस्या गम्भीर छ, विश्वको सन्दर्भमा हेर्दा पनि बाँदरबाट बाली बचाउनका लागि खेतलाई वायरिङमार्फत घेरेर राख्ने वा जंगलमै वायरिङ गर्ने चलन छ, जुन निकै खर्चिलो हुन्छ, मानव बस्ती र वन्यजन्तु छुट्याएर राखिन्छ, यसबारे अध्ययन गर्न कार्यदल बनेको छ।'

उक्त विषय पेचिलो भएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले देश विदेशमा के-कस्ता उपाय अपनाएका छन्, सो विषयमा अध्ययन भइरहेको र कार्यदलको प्रतिवेदन आएपछि सरकारले काम गर्ने बताएका थिए। सन् २०२२ को एक अध्ययनअनुसार मध्यपहाडका ६० प्रतिशतभन्दा बढी घरपरिवारले बाँदरका कारण ठूलो बाली नोक्सानी व्यहोरेका छन् भने एक तिहाइभन्दा बढीले खेती गर्न नै छाडिसकेका छन्।

अर्घाखाँचीमा गरिएको एक अध्ययनले ७४ प्रतिशत घरपरिवारले खेतीपाती छाडेको र ९० प्रतिशतभन्दा बढीलाई राहत प्याकेजबारे थाहै नभएको पाइएको थियो। सन् २०२६ फेब्रुअरीमा सरकारले औपचारिकरूपमा रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरी किसानलाई पूर्वस्वीकृतिविना नै तिनलाई धपाउन वा नियन्त्रणमा लिन अनुमति दिने नीति ल्याएको थियो।

यो अब कुनै स्थानीयस्तरको झण्झटमात्र नभएर सीधै ग्रामीण जीविकोपार्जन, खाद्य सुरक्षा र तीव्र बसाइँसराइ रोक्ने राष्ट्रिय मुद्दा बनेकाले सरकार यसको दिगो समाधान निकाल्न लागिपरेको छ। कार्यदलले उक्त विषयमा देशभित्र र विदेशमा रहेका संयुक्त राष्ट्रसंघ, डब्लुडब्लुएफ, आइयुसिएन, आइसिआइएमओडी तथा डायस्पोरामा रहेका नेपाली विशेषज्ञ र विशिष्टीकृत संस्थाका विज्ञसँग परामर्श लिने तयारी गरेको जनाएको छ। वन्यजन्तु व्यवस्थापनका अतिरिक्त बहुआयामिक कोणबाट हेर्नका लागि कार्यदलले आफ्नो आन्तरिक कामलाई विभिन्न छ विषयगत समूहमा विभाजन गरेको संयोजक क्षेत्रीले जानकारी दिए।

नीति, कानुनी रूपरेखा र संस्थागत सुशासन, वन्यजन्तु विज्ञान, संख्या व्यवस्थापन, पारिस्थितिकीय र पाइलट हस्तक्षेप, कृषि, जीविकोपार्जन र न्यूनीकरणका उपाय, सामुदायिक संलग्नता, परामर्श र मानव वन्यजन्तु सहअस्तित्व, वित्तपोषण, स्रोत परिचालन, साझेदारी र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास तथा संकलन, विश्लेषण र अन्तिम प्रतिवेदन लेखनजस्ता क्षेत्रमा काम सुरु भइसकेको छ।

यी क्षेत्रको अवस्था, हालसम्म भएका कामको प्रभावकारिता, तत्काल चाल्नुपर्ने कदम, मध्य तथा दीर्घकालीन उपाय र दिगो संस्थागत सुशासनको साझा विश्लेषणात्मक रूपरेखामा आधारित भई अध्ययन अघि बढाइएको हो। कार्यदलले प्रविधिको उच्च प्रयोग गर्दै दीर्घकालीनरूपमा द्वन्द्वका घटना ट्र्याक गर्न एउटा विशेष वेबसाइट विकास गरिसकेको छ।

कार्यदलले सर्वसाधारण र विज्ञहरूले सजिलै आफ्ना अमूल्य सुझाव सीधै अनलाइनमार्फत पठाउन सहजताका लागि ह्वाट्सएप र इमेल च्यानलसमेत तयारी अवस्थामा राखिएको जनाएको छ। कार्यदलले भारतको हिमाञ्चल प्रदेशले सन् २००६ देखि सुरु गरेको दक्षिण एसियाकै पहिलो बाँदर बन्ध्याकरण कार्यक्रम र त्यहाँका अन्य प्राविधिक अनुभवलाई समेत नजिकबाट विश्लेषण गरिरहेको संयोजक क्षेत्रीले बताए।

बाँदरको बन्ध्याकरण वा स्थानान्तरणले मात्र एकलरूपमा काम नगर्ने देखिएकाले नेपालको विशिष्ट परिस्थिति सुहाउँदो बासस्थान समृद्धि, प्राकृतिक प्रतिरोध (जस्तैः लंगुरको प्रयोग) र बाँदरले नखाने वैकल्पिक बालीतर्फ किसानलाई आकर्षित गर्नेजस्ता संयुक्त विज्ञान आधारित प्याकेजका विकल्पमा गहन छलफल भइरहेको छ।

सन् २०२३ को निर्देशिकाबमोजिम उपलब्ध गराइने राहत प्रणालीमा रहेका प्रशासनिक झण्झट, बजेट प्रवाहको समस्या र सुस्त क्षति मूल्यांकनको अन्त्य गर्न कार्यदलले बाली तथा पशुधन बिमा र अक्षय कोषको नयाँ मोडलमासमेत काम गरिरहेको छ। गत जेठ ५ गते गठन भएको कार्यदलले तीन महिनावधिमा पूर्ण प्रतिवेदन पठाउने जिम्मेवारी पाएको छ।

देशैभरिका प्रभावित किसान, समुदायका प्रतिनिधि र विज्ञहरूलाई समेटेर प्रमाणमा आधारित अर्थपूर्ण प्रतिवेदन तयार पार्न कार्यदल लागिपरेको संयोजक क्षेत्रीको भनाइ छ। कार्यदलले केवल दस्तावेज समीक्षामामात्र सीमित नरहेर सीधै फिल्डमा गई 'पाइलट परीक्षण' गर्ने तयारीसमेत गरेको छ। यसले सरकारलाई बुझाइने अन्तिम प्रतिवेदन केवल सैद्धान्तिक नभई स्थलगत परीक्षणबाट प्रमाणित र जमिनको वास्तविक भोगाइलाई प्रतिविम्बित गर्ने ठोस मार्गचित्र बन्ने कार्यदलको विश्वास छ। *रासस*

# दिगो र जलवायुअनुकूल विकासको आवश्यकतामा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरोकारवालाहरूले जलवायु परिवर्तनको बढ्दो असरलाई मध्यनजर गर्दै विकासका सबै प्रयास दिगो र जलवायुअनुकूल हुनुपर्नेमा जोड दिएका छन्। विश्व वातावरण दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रमका वक्ताहरूले वातावरण संरक्षण र आर्थिक समृद्धिलाई सँगसँगै अगाडि बढाउनुपर्ने धारणा राखेका हुन्।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. सञ्जय आचार्यले विकासका नयाँ अवधारणालाई आत्मसात् गर्दै वातावरण संरक्षण र आर्थिक समृद्धिलाई सँगसँगै अगाडि बढाउनुपर्ने बताए। सरकारले सौर्य ऊर्जा तथा विद्युतीय सवारीसाधनको प्रवर्द्धनमार्फत वातावरण संरक्षणमा योगदान पुऱ्याइरहेको उल्लेख गर्दै उनले विद्युतीय सवारीसाधनका ब्य ाट्रीको दीर्घकालीन व्यवस्थापन लिइएको पहल सकारात्मक भएको उल्लेख गरे।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले समृद्ध भविष्यका लागि जलवायु तथा प्रकृतिमैत्री विकास अपरिहार्य भएको बताए। वातावरण र जलवायु शिक्षालाई विद्यालयको पाठ्यक्रममा समावेश गरी विद्यार्थीलाई सचेत बनाउनुपर्ने तथा किसानलाई जलवायु परिवर्तनका प्रभाव र अनुकूलनका उपायबारे जानकारी दिन आवश्यक रहेको उनले बताए। जलवायु संकटसँग जुध्न सरकार, निजी क्षेत्र, विकास साझेदार तथा समुदायबीच सहकार्य आवश्यक रहेको उनको जोड थियो।

यसैगरी, वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले जलवायु परिवर्तनको असर तीव्र बन्दै गइरहेको वर्तमान अवस्थामा दिगो विकासको अवधारणालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने बताए। नेपालको संविधानको धारा ३० ले प्रत्याभूत गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हक कार्यान्वयनमा सबैपक्ष गम्भीर हुनुपर्ने उनले उल्लेख गरे।

कार्यक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालका सहायक राष्ट्रिय निर्देशक विजय सिंहले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र बढ्दो वायुप्रदूषण विश्वव्यापी चुनौतीका रूपमा देखापरेको बताए। उनले पेरिस सम्झौता तथा शून्य कार्बन उत्सर्जन रणनीतिलगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको धारणा राखे।

पूर्वमन्त्री गणेश साहले जलवायु तथा वातावरण विज्ञानको क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता औंल्याए। वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र तथ्यमा आधारित नीतिमार्फतमात्र जलवायु संकटको प्रभावकारी सामना गर्न सकिने उनको भनाइ थियो।

उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतले वातावरण संरक्षण साझा दायित्व भएको उल्लेख गर्दै उद्योग क्षेत्रलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्ने अभियानलाई तीव्रता दिइएको जानकारी दिए। विभागले करिब ४०० उद्योगलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्ने लक्ष्य राखेको बताउँदै उनले यसबाट औद्योगिक प्रदूषण न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।


**एयर कन्डिसनरहरू (AIR CONDITIONER) को अधिकतम बिक्री मूल्य (MRP) सम्बन्धी सूचना**

उपभोक्तावर्गलाई **Nanjing Novatek Global Trading Co. Ltd.** बाट पैठारी गरिएको एयर कन्डिसनरहरूमा उल्लेख गरिएको बिक्री मूल्य निम्न बनाइएको आशयको सम्बन्धमा जानका गराइएको संग अवगत गराइन्छ ।

| वस्तुको नाम | ब्राण्ड | मोडल | तौल | उत्पादक मुलुक | परिमाण | घोषित MRP (प्रति इकाई) | इकाई |
|---|---|---|---|---|---|---|---|
| FOUR WAY 4TR CEILING CASSETTE TYPE INDOOR UNIT | GCHV | 90Q3 | 4000 किलोग्राम | CHINA | 6 PCS | NPR 165000 | PCS |
| FOUR WAY 2.5TR CEILING CASSETTE TYPE INDOOR UNIT | GCHV | 140Q3 | 2500 किलोग्राम | CHINA | 12 PCS | NPR 182000 | PCS |
| 19TR INVERTER TYPE VRV/VRF OUTDOOR UNIT | GCHV | VD685SR1 M-S-DS03 | 19000 किलोग्राम | CHINA | 4 PCS | 1858000 | PCS |

**पैठारीकर्ताको कम्पनी नाम** : Shindraa Solutions Private Limited    **VAT नं.**: 603495535
**ठेगाना** : Buddhanagar-10, Kathmandu, Nepal    **EXIM नं.**: 603495530140NP



**कुवेतमा रोजगार** कम्पनी : Rayoq Al Saada Restaurant Company

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 342996 | चलानी नं. ६०२५६३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 9 | 0 | 140 | ६९,६१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 10 | 0 | 150 | ७४,५९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०८०।०२।१९ मा दर्ता भएको प्रा.लि.नं. ३१३५२० को **बेम्बो कटेज एण्ड सेकुवा कर्नर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०८।०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**युएइमा रोजगार** कम्पनी : E A A S FLOW SOLUTIONS - L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343006 | चलानी नं. ६०२५६३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Operator | 1 | 0 | 1500 | ६२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen.telecommunications Technician | 1 | 0 | 1500 | ६२,७३० | | | | | | | |
| 3. | Light Vehical Driver | 1 | 0 | 1500 | ६२,७३० | | | | | | | |
| 4. | Pipe Fitters | 2 | 0 | 1400 | ५८,५४५ | | | | | | | |
| 5. | Scaffolder | 2 | 0 | 1400 | ५८,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059



**युएइमा रोजगार** कम्पनी : E M G SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 328199 | चलानी नं. ६०२४२०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 8 | 0 | 1200 | ५०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security | 11 | 0 | 1700 | ७१,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717, Mahesh Shrestha +977 985-1002795
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com
Govt. License No. 1440/074/75



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/२/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ६५ को ५५०.८९ घनफिट काठ तथा साल जातको दाउरा ०.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**तिरतिरेधारा लिलावन सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ५, मकवानपुर**



**साउदीमा रोजगार** कम्पनी : HAZA FOOD FOUNDATION FOR PROVIDING MEALS    सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 342960 | चलानी नं. ६०२५६३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KAFA COFFEE FAST FOOD COMPANY LIMITED    सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343074 | चलानी नं. ६०२५६३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 8 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANAS ABDULLAH AL-MUHAIMID WORKSHOP    सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343015 | चलानी नं. ६०२५६३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1500 | ६१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
इं.प.नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid sir), E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : KAFOOF AND TAILS FEED COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 342873 | चलानी नं. ६०२५६३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.    श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/२/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ७२४ को ४९७७.५५ घनफिट काठ तथा साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - १, मकवानपुर**



**साउदीमा रोजगार** कम्पनी : ABDUL AZIZ ABDULRAHMAN BUSUBAIT ESTABLISHMENT FOR FIBERGLASS

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. 343030 | चलानी नं. ६०२५६३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 4 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BADRIYA SALEH MOHAMMED ABU SBAIT GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. 343031 | चलानी नं. ६०२५६३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 6 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ ३० गते (13th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.    श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



**जापानमा रोजगार** कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 342967 | चलानी नं. ६०२५६३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 2 | 0 | 186485 | १,७९,०६५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 342966 | चलानी नं. ६०२५६३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gas Welder | 1 | 0 | 185640 | १,७८,२५५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिको सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717, Mahesh Shrestha +977 985-1002795
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com
Govt. License No. 1440/074/75

# विकास पर्खाइमा मुठाचौर



डम्मर बुढामगर/बागलुङ

हरियाली आलुबारी । भर्खरै उम्रिँदै गरेका मकै । वरपर चारैतिर पालुवा पलाएपछि रमणीय बनेको छ, मुठाचौर । समुद्री सतहदेखि करिब तीन हजार मिटरको उचाइमा रहेको मुठाचौर बागलुङको उच्च स्थानमा रहेको बस्ती हो । प्राकृतिक सुन्दरताले भरिएको मुठाचौर विकासका हिसाबले भने ओझेलमै छ । तमानखोला गाउँपालिका-२ मा पर्ने यस गाउँमा अहिलेसम्म खानेपानी र विद्युत्को सुविधा पुगेको छैन । भौगोलिक विकटता र जटिल भूगोलका कारण सास्तीमा रहेका नागरिक वर्षौंदेखि विकासको आशमा छन् । परम्परागत खेतीपाती र पशुपालन गरेर जीविका चलाइरहेका स्थानीय आफ्नै सुरमा छन् ।

तीन वर्ष अगाडि गाउँपालिकाले सडक सञ्जालले जोडे पनि अरु विकास हुन सकेको छैन । सडक पनि त्यति व्यवस्थित छैन । यसका कारण बेलाबेला दुर्घटना हुने गरेको छ । मुठाचौरलाई मौलिक बस्तीका रूपमा लिने गरिन्छ । यहाँ बनेका घर, भवन र अन्य संरचना पनि परम्परागत छन् । ढुंगा, माटो र खरले बनेका घर यहाँ पुग्ने जो कोहीलाई आकर्षक लाग्छ । खासगरी घुम्ती बसाइँका रूपमा तमानखोला गाउँपालिका-२ भयरबोंगा, कटेरीलगायतका गाउँका स्थानीय यहाँ बस्ने गर्छन् । बाह्रै महिना बस्नका आधारभूत आवश्यकता पूरा गर्न समस्या हुने हुँदा स्थानीय बर्खाको चार महिनामात्रै मुठाचौरमा बस्ने गर्छन् ।

यहाँ आलु, मकै, सिमी लगायतका खाद्यन्न राम्रो उत्पादन हुन्छ । तर बजारीकरण भने हुन सकेको छैन । वस्तुभाउ पाल्ने र समान्य जीवनयापन गर्दै आएका स्थानीयले विद्युत्, खानेपानी र व्यवस्थित सडक हुने पर्ने माग गर्दै आएका छन् । मुठाचौरमा बाह्रै महिना बस्नका लागि राज्यले सुविधा दिनुपर्ने स्थानीय बेगबहादुर विकले बताए । उत्पादनका हिसाबले मुठाचौर निकै उर्वर रहेको भन्दै यहाँ बस्नका लागि निकै उपयुक्त रहेको उनको भनाइ छ ।

विकले भने, 'यहाँ बसोबास गर्न थालेको धेरै वर्ष भयो, धेरैजसो गाउँले बर्खाको समयमा यहाँ बस्छन् तर विकास भने हुन सकेको छैन । मोटरबाटो आएको पनि धेरेल समय भएको छैन, बाह्रै महिना गाडी पनि चल्न सक्दैन, बर्खाको समय रासन पानी सबै मान्छेले बोकेर ल्याउनुपर्छ, यो मोटरबाटो राम्रो भए त उहिले जमानाको जस्तो सामान बोकेर ल्याउनुपर्ने थिएन ।'

मुठाचौर उर्वरमात्रै छैन । प्राकृतिक सुन्दरताका हिसाबले पनि मनमोहक छ । मुठाचौरबाट उच्च पहाडी क्षेत्रसँग धौलागिरि, माछापुच्छ्रेलगायतका हिमशृंखला नजिकैबाट नियाल्न सकिन्छ । समय-समयमा आन्तरिक पर्यटक घुम्न आउने गर्छन् तर विद्युत्को सुविधा नहुँदा बास बस्न मान्दैनन् । अहिलेसम्म विद्युत्को सुविधा नहुँदा दियालो बालेर रात बिताउनुपर्ने बाध्यता रहेको स्थानीय देवीसरा सुनारले बताइन् । बेंशी (भयरबोङ, कटेरी गाउँ) झर्दा बिजुली बाल्ने बानी परेको भन्दै मुठाचौरमा अँध्यारोमा बस्दा गाह्रो हुने उनले गुनासो गरिन् । 'यहाँ (मुठाचौर)मा मान्छे बस्न थालेको सयौं वर्ष भयो तर पनि बिजुलीको सुविधा अहिलेसम्म आउन सकेको छैन, सरकारलाई बिजुली चाहियो भनेर माग त गरेका छौं, आउला भन्ने आश लागेको छ,' सुनारले भनिन्, 'बिजुली नहुँदा रातिमा दियालो, टुकी बालेर रात कटाउँछौं, कहिलेकाहीँ घुम्न आउने मान्छे बास बस्न खोज्छन् तर बिजुली छैन भनेपछि फर्किन्छन् ।'

> मुठाचौरवासीको जस्तो जीवनशैली अरूको हुने हो भने धेरै रोगबाट बच्न सकिन्छ । किनकि यो ठाउँ विषादीमुक्त छ, सबै चिज अर्गानिक छ । विकासका हिसाबले अलि पछाडि छ र समस्या हो तर हामीले विस्तारै विकासले जोड्दै गएका छौं ।
>
> **जोकलाल बुढामगर**
> अध्यक्ष, तमानखोला गाउँपालिका

स्थानीयवासी असारदेखि नै मुठाचौर जान सुरु गर्छन् भने असोज कात्तिक लाग्नासाथ गाउँ झर्ने गर्दछन् । मुठाचौरमा बस्ने समयमा उनीहरू पशु चौपाया पाल्ने, आलु, सिमी तथा लेकाली खाद्यबालीहरू उत्पादन गर्ने गर्दछन् । चैत र वैशाखमा लगाएको आलु यतिबेला एकोहोरो खन्ने चटारो छ । अहिले आलु खन्न मुठाचौर उक्लिएका कटेरी र भयरबोंगावासी अब जेठ अन्तिम साता वस्तुभाउ लिएर असोजसम्म उतै बस्ने गरी उक्लिन्छन् ।

बर्खामा आकाशेपानीको भरमा बस्ने स्थानीयलाई हिउँद्मा खानेपानीको हाहाकार नै हुन्छ । यसका कारण बेँशी झर्नुपर्ने बाध्यता छन् । बर्खामा आकाशबाट आएको पानी भरेर उपभोग गर्नुपर्ने बाध्यता रहेको स्थानीय मैतादेवी रसाइलीले बताइन् । आकाशेपानी भरेर पिउँदा समय-समयमा बिरामी पर्ने गरेको उनको भनाइ छ । गाउँपालिकालाई खानेपानीको माग गरेको भन्दै केही समयमा घर-घरमा धारा बन्ने आश्वासन पाएको रसाइलीले सुनाइन् । उनले भनिन्, 'हिउँदमा पानी नहुँदा कोही पनि यहाँ बस्दैनन्, वस्तुभाउलाई खुवाउने, खाना पकाउने, नुवाइधुवाइ र सरसफाइमा समस्या हुन्छ, पहिला पहिला बराह तालबाट पानी लिएर पनि खायौं, सरकारले यहाँको समस्या समाधान गरिदिए धेरैजसो मान्छे मुठाचौरमै बस्ने थिए, यहाँ बस्दा वस्तुभाउ पाल्न सजिलो हुने थियो ।'

तमानखोला गाउँपालिका-२ का अध्यक्ष नारायण सुनारले यस क्षेत्रमा वर्षौंदेखि खानेपानी समस्या हुँदै आएको भन्दै त्यसको समाधानका लागि काम भइरहेको बताए । विद्युत् विस्तारका लागि पोल गाड्ने काम भएको उनको भनाइ छ । वर्षौंदेखि अन्धकारमा बस्दै आएका स्थानीयवासीले अब केही समयमै विद्युत्को सुविधा पाउने अध्यक्ष सुनार बताउँछन् । 'यस ठाउँमा ठूलो संख्यामा मानिसहरूको बसोबास हुन्छ, सडक थिएन, सडक आयो, अब विद्युत् र खानेपानीको काम पनि गरिरहेका छौं, भौगोलिक विकटताका कारण विकास छिटो हुन नसकेको हो,' वडाध्यक्ष सुनारले भने, 'अब केही समयपछि घर-घरमा खानेपानीको सुविधा हुने छ भने विद्युतीकरण पनि हुने छ, त्यसका लागि हामीहरू निरन्तर लागि रहेका छौं ।'

## सडक पुगेपछि पलाउँदै नयाँ आशा

पर्यटक हिसाबले ठूलो सम्भावना बोकेको मुठाचौरमा सडक पुगेको तीन वर्षमात्रै भयो । त्यस अगाडि स्थानीय बासिन्दाले दैनिक उपभोग्य वस्तु बोकेरै पुर्‍याउनुपर्ने बाध्यता थियो । हिउँदको समय सामान ढुवानी र यात्रा गर्न सहज भएपछि गाउँले खुसी छन् । सडक फराकिलो भए दुर्घटना कम हुने उनीहरूको अपेक्षा छ ।

समय-समयमा हुने दुर्घटना रोक्न र बाह्रै महिना आवतजावतलाई सहजता बनाउन गाउँपालिकाले सडक व्यवस्थित बनाउन जरुरी रहेको स्थानीय हिराबहादुर विकले बताए । अहिले सञ्चालनमा रहेको सडक निकै साँघुरो र अप्ठ्यारो रहेको उनको भनाइ छ । साँघुरै भए पनि सडकले मुठाचौर जोडिएपछि गाउँलेलाई ठूलो राहत मिलेको उनी बताउँछन् ।

भयरबोंगा, कटेरी, बोंगादोभानलगायतका क्षेत्रबाट सामान ढुवानी गर्दा पाँच/छ घण्टा लाग्ने उनको भनाइ छ । 'गाउँमा सडक आउँदा निकै खुसी छौं, हाम्रा बाउबाजेले कति दुःख पाए, हाम्रो पनि आधा उमेर गयो तर अहिले सडक आउँदा सुविधा भएको छ,' विकले भने, 'हामीहरूले जति दुःख पाउनु पायौं, हाम्रा छोराछोरीले त्यति दुःख पाउने छैनन्, ढिलै भए पनि विकास आउन थालेको छ, अबको केही वर्षमा मुठाचौरमै बाह्रै महिना बसोबास हुने छ ।'

> मुठाचौरलाई मौलिक बस्तीका रूपमा लिने गरिन्छ । यहाँ बनेका घर, भवन र अन्य संरचना पनि परम्परागत छन् । ढुंगा, माटो र खरले बनेका घर यहाँ पुग्ने जो कोहीलाई आकर्षक लाग्छ । खासगरी घुम्ती बसाइँका रूपमा तमानखोला गाउँपालिका-२ भयरबोंगा, कटेरीलगायतका गाउँका स्थानीय यहाँ बस्ने गर्छन् । बाह्रै महिना बस्नका आधारभूत आवश्यकता पूरा गर्न समस्या हुने हुँदा स्थानीय बर्खाको चार महिनामात्रै मुठाचौरमा बस्ने गर्छन् ।

स्थानीय कल्पना छन्त्यालले सडक व्यवस्थित भएपछि मुठाचौरमा उत्पादन हुने वस्तु बजारीकरणका लागि सहज हुने बताए । यस क्षेत्रका सयौं क्विण्टल आलु उत्पादन भए पनि अहिलेसम्म बजार नपाएको भन्दै अब व्यापारी गाडी लिएर बारीमै पुग्ने सम्भावना बढेको उनको भनाइ छ । उत्पादनमा हिसाबले मुठाचौर उर्वर रहेको हुँदा आधुनिक कृषि प्रणालीलाई अपनाएर खेती गरे गाउँलेको जीवनस्तर उकासिने छन्त्याल बताउँछन् ।

उनले भने, 'अहिलेसम्म यो ठाउँका मान्छेहरूले परम्परागत खेती किसानी गरेर जीवन धान्दै आउनुभएको छ, अब खेती प्रणालीलाई आधुनिकतासँग जोड्न जरुरी छ, स्थानीय सरकारले अब यहाँका हरेक किसानलाई व्यवसायी बनाउन जरुरी छ, यस क्षेत्रका हरेक किसान व्यावसायिक बने भने यहाँ उत्पादन भएको तरकारी, मासुले तमानखोलालाई आत्मनिर्भर बनाउन सक्छ, यसतर्फ गाउँपालिकाले ध्यान दिन जरुरी छ ।'

## मौलिकता जोगाइराख्ने प्रयास

तमानखोला गाउँपालिकाले मुठाचौरको मौलिकतालाई जोगाइराख्ने योजनामा छ । आधुनिकताले ग्रामीण क्षेत्रको मौलिकता मासिरहेको बेला यस गाउँलाई पुरानै स्वरूपमा संरक्षण गर्ने गरी योजना बनाएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताए । मुठाचौरको मौलिकताले सिंगो ग्रामीण क्षेत्रको झल्को दिने हुँदा यसलाई मौलिकताकै रूपमा विकास गरिने अध्यक्ष बुढामगर बताउँछन् ।

'मुठाचौरको हावापानी निकै स्वच्छ छ, यहाँका घर र बस्तीले वास्तवमै मौलिकता बोकेका छन्, यहाँको जस्तो घर अरु ठाउँमा भेट्टाउन मुस्किल पर्छ, यहाँ हुने जैविक उत्पादन र स्थानीय नागरिकको रहनसहन धेरैले सिक्न जरुरी छ,' अध्यक्ष बुढामगरले भने, 'मुठाचौरवासीको जस्तो जीवनशैली अरुको हुने हो भने धेरै रोगबाट बच्न सकिन्छ, किनकि यो ठाउँ विषादीमुक्त छ, सबै चिज अर्गानिक छ, त्यही हो विकासका हिसाबले अलि पछाडि छ र समस्या हो तर हामीले विस्तारै विकासले जोड्दै गएका छौं ।' अध्यक्ष बुढामगरले गाउँपालिकाभित्रका अन्य गाउँको सुन्दरता बिग्रिने हुँदा नयाँ घर भवन बनाउँदा मौलिकतालाई ध्यान दिनुपर्ने बताए । त्यसका लागि गाउँपालिकाले कार्यविधि बनाएर कार्यान्वयन गर्न थालेको उनको भनाइ छ । जिल्ला सदरमुकामदेखि करिब ११५ किलोमिटर पश्चिममा पर्ने तमानखोला अहिले पनि विकट पालिकाको रूपमा रहेको छ । *रासस*

# हिमालको काखबाट राष्ट्रिय समृद्धितर्फ

नवीन लामिछाने/मनाङ

लघु जलविद्युत्बाट उत्पादित विद्युत्मामात्रै निर्भर रहँदै आएको मनाङमा पहिलोपटक १३५ मेगावाट क्षमताको मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना निर्माणसँगै राष्ट्रिय प्रसारणलाइनसँग जोडिने भएको छ ।

मर्स्याङ्दी नदीको अथाह जलशक्तिलाई उपयोग गरी निर्माण गरिएको यस आयोजनाले देशको ऊर्जा उत्पादन, ऊर्जा सुरक्षा र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने छ ।

निजी क्षेत्रबाट निर्माण भएका ठूला जलविद्युत् आयोजनामध्ये एक यस आयोजना मनाङको नार्सों गाउँपालिका-८ र ९ नम्बर क्षेत्रमा निर्माण गरिँदै छ । 'रन अफ रिभर' प्रणालीमा आधारित यो आयोजनाले नदीको पानी बाँधमार्फत संकलन गरी सुरुङबाट विद्युत्गृहसम्म पुर्‍याउने काम भइरहेको बुटवल पावर कम्पनीका निर्देशक प्रतीकमान प्रधानले जानकारी दिए ।

नेपालमा जलाशययुक्त आयोजनाको तुलनामा रन अफ रिभर आयोजना निर्माण लागत कम हुने, वातावरणीय असर तुलनात्मक रूपमा कम पर्ने तथा छिटो निर्माण गर्न सकिने भएकाले यस्ता आयोजनालाई प्राथमिकता दिइँदै आएको उनले बताए ।

यस आयोजनाको ग्रस ४३०.२० मिटर र हेडरेस टनेल ६.०७५ किलोमिटर रहेको निर्माण भएको बुटवल पावर कम्पनीले जनाएको छ । आयोजनामा २० प्रतिशत बिपिसी र चिनियाँ कम्पनीको ८० प्रतिशत लगानी रहेको छ । आयोजनामा नेपाली साझेदार बिपिसीले २० प्रतिशत र तीन चिनियाँ कम्पनी एससिआइजी इन्टरनेसनल, छिङचेङ इन्टरनेसनल र चिनियाँ लगानीकर्तामा क्युवाइसी इन्टरनेसनलले संयुक्तरूपमा ८० प्रतिशत सेयर स्वामित्व रहनेगरी लगानीकर्ताबीच समझदारी भएको छ ।

> निजी क्षेत्रबाट निर्माण भएका ठूला जलविद्युत् आयोजनामध्ये एक यस आयोजना मनाङको नार्सों गाउँपालिका-८ र ९ नम्बर क्षेत्रमा निर्माण गरिँदै छ । "रन अफ रिभर" प्रणालीमा आधारित यो आयोजनाले नदीको पानी बाँधमार्फत संकलन गरी सुरुङबाट विद्युत् गृहसम्म पुर्‍याउने काम भइरहेको बुटवल पावर कम्पनीका निर्देशक प्रतीकमान प्रधानले जानकारी दिए ।

मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको विकासका लागि सरकारसँग बुटवल पावर कम्पनीसहित तीन चिनियाँ कम्पनीबीच चार वर्षमा आयोजना विकास तथा निर्माण सम्पन्न गर्नेगरी २०७९ पुस ३ गते सम्झौता गरेका थिए । आयोजनाको कूल लागत ३३ अर्ब ३८ करोड रूपैयाँमध्ये २० प्रतिशत स्वपुँजी र ८० प्रतिशत ऋण लगानी रहने छ । आयोजनामा बुटवल पावर कम्पनीलेमात्रै करिब एक अर्ब ३३ करोड रूपैयाँ स्वपुँजी लगानी गर्ने छ । आयोजनाले वार्षिक ७५ करोड नौ लाख ४८ हजार ८७५ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ ।

मर्स्याङ्दी नदीमा यसअघि पनि विभिन्न जलविद्युत् आयोजना निर्माण भएका भएका छन् । जसबाट तनहुँअन्तर्गत ६९ मेगावाटको मर्स्याङ्दी जलविद्युत् आयोजना, लमजुङअन्तर्गत ७० मेगावाटको मध्य मर्स्याङ्दी र ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' जस्ता आयोजनाले यस नदीको ऊर्जा सम्भावना प्रमाणित गरिसकेका छन् । त्यही सम्भावनालाई थप उपयोग गर्दै मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना विकास गरिएको छ ।



निर्माण कार्य प्रारम्भ भएपछि पहुँचमार्ग निर्माण, सुरुङ खन्ने, बाँध संरचना बनाउने, विद्युत्गृह निर्माण गर्ने तथा प्रसारणलाइन विस्तार गर्ने काम एकसाथ सञ्चालन भइरहेको निर्देशक प्रधानले बताए । 'हिमाली भूभागमा आयोजना निर्माण गर्नुपर्ने भएकाले प्राविधिक तथा भौगोलिक चुनौतीहरू प्रशस्त रहेका छन् । तर, चुनौतीको सामना गर्दै ऊर्जा उत्पादनलाई अगाडि बढाइएको हो,' उनले भने । नेपालको दुर्गम हिमाली जिल्ला मनाङको भौगोलिक बनोट जटिल छ । साँघुरा पहाडी सडक, पहिरोको जोखिम, हिमपात तथा कठोर मौसमले आयोजना निर्माणलाई कठिन बनाए पनि त्यसको सामना गर्दै कामलाई तीव्र बनाइएको उनको भनाइ छ ।

विशाल आकारका टर्बाइन, जेनेरेटर तथा अन्य उपकरणहरू आयोजनास्थलसम्म पुर्‍याउन निकै चुनौतीपूर्ण रहेको र कतिपय अवस्थामा सडक स्तरोन्नति गरेरमात्र उपकरण ढुवानी गर्न सम्भव भएको प्रधानले जानकारी दिए । 'सुरुङ निर्माणका क्रममा पनि भौगर्भिक जटिलता देखिएका थिए । कमजोर चट्टान, पानी चुहिने समस्या तथा पहिरोका कारण निर्माण अवधि लम्बिने जोखिम थियो । यद्यपि, प्राविधिक टोलीले यी समस्याहरू समाधान गर्दै आयोजना निर्माणलाई निरन्तरता दिएका छन्,' उनले भने ।

जलविद्युत् आयोजना निर्माणको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा पर्ने छ । आयोजना निर्माणका क्रममा सयौं स्थानीयले रोजगारी पाएका छन् भने यहाँको यातायात, होटल, रेस्टुराँ तथा अन्य सेवा व्यवसायमा पनि आर्थिक गतिविधि बढेको छ । पर्यटकीय क्षेत्रको रूपमा रहेको मनाङ जलविद्युत् निर्माण अवधिमा स्थानीय बजारमा वस्तु तथा सेवाको माग बढेकाले व्यवसायीले लाभ लिनसकेका छन् । सडक पहुँच विस्तार भएसँगै स्थानीय उत्पादन बजारसम्म पुर्‍याउन सहज भएको नार्सों गाउँपालिका-८ का वडाध्यक्ष याद घलेले बताए । मनाङ मर्स्याङ्दी आयोजनाले स्थानीयवासीले आयोजना प्रभावित क्षेत्रका लागि थप पूर्वाधार विकास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी, स्थानीय युवालाई प्राथमिकताका साथ रोजगारी तथा स्थानीय उत्पादनको बजारीकरणमा सहयोगको अपेक्षा राखेका छन् ।

जलविद्युत् आयोजनाबाट प्राप्त रोयल्टी स्थानीय तहसम्म पुग्ने भएकाले दीर्घकालीन विकासका लागि त्यसको प्रभावकारी उपयोग पनि उत्तिकै महत्त्वपूर्ण रहेको चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताए । स्थानीय सरकारले रोयल्टीलाई शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन विकासमा लगानी गर्न सकेमा आयोजनाको लाभ अझ व्यापक बन्न सक्ने उनको भनाइ छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङ एकाइका प्रमुख ढकबहादुर भुजेलले भने, 'स्थानीय सरकारसँगको समन्वयमा जलविद्युत् आयोजना स्वच्छ ऊर्जा उत्पादनको स्रोत मानिए पनि यसका वातावरणीय प्रभाव पूर्णरूपमा शून्य हुँदैनन् । नदीको प्राकृतिक बहावमा परिवर्तन आउँदा जलीय जैविक विविधतामा असर पर्न सक्छ ।' मर्स्याङ्दी नदीमा पानी मोडिएपछि केही खण्डमा नदीको बहाव कम हुने अवस्था आउन सक्छ । आयोजना निर्माणका क्रममा आयोजनाको वन क्षेत्र, जैविक विविधता तथा स्थानीय पारिस्थितिक प्रणालीमा पर्ने असर न्यूनीकरणका लागि वातावरणीय प्रभाव मूल्यांकनअनुसार विभिन्न उपाय अवलम्बन गरिएको उनको भनाइ छ । *रासस*



**पहिरो रोकथाम**

**चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दानाको खामभित्ता क्षेत्रमा पहिरो रोकथामका लागि निर्माणाधीन संरचना । बेनी–जोमसोम–कोरला सडक योजनामार्फत २५ करोड रूपैयाँको लागतमा बेनी–जोमसोम–कोरला सडकको म्याग्दीखण्डमा 'रक एंकरिङ,' 'पलम पर्खाल,' 'बायो इन्जिनियरिङ,' 'थिडिमेस' प्रविधिको प्रयोग गरेर पहिरो रोकथाम गर्न आयोजना सञ्चालन भएको छ ।** *तस्बिरः रासस*

# मगर खाम भाषामा पठनपाठन सुरु गर्दै रघुगंगा



**म्याग्दी–** म्याग्दीको रघुगंगा गाउँपालिकामा मगर खाम भाषामा पठनपाठन सुरु भएको छ। मगर समुदायको बाहुल्यता रहेका बस्तीका १४ वटा विद्यालयमा कक्षा १ मा मगर खाम भाषामा पठनपाठन गराउन थालिएको हो ।

रघुगंगा गाउँपालिकाको सहयोगमा नेपाल पुनमगर समाजले तयार पारेको 'गेमीं मगर खाम' पुस्तक विद्यालयलाई हस्तान्तरण गरिएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताए। 'मगर खाम भाषाको संरक्षण, पुनरुत्थान र अन्तरपुस्ता हस्तान्तरणको लागि पुस्तक तयार पारेर पठनपाठन सुरु गरिएको हो,' उनले भने, 'बालबालिकालाई दैनिक बोलीचाली र जीवनयापनमा बढी प्रयोग हुने शब्दावलीलाई पुस्तकमा समेटिएको छ ।'

मगर खाम भाषा पठनपाठनका लागि जनशक्ति तयार पार्ने र क्षमता विकास गर्ने उद्देश्यले यसअघि शिक्षकलाई सातदिने तालिम प्रदान गरिएको थियो। नेपाल पुनमगर समाज रघुगंगाका अध्यक्ष टीका पुर्जा पुनले मगर भाषाको महत्त्वलाई उजागर गरी नयाँ पुस्तालाई भाषाको ज्ञान दिन मातृभाषामा पठनपाठन सुरु गरिएको बताए ।

महादेव मावि, पार्वती आधारभूत, कालिका मावि, जनता मावि, शिव आधारभूत, अमर मावि (चिमखोला), सिद्ध आधारभूत, महेन्द्र मावि, शिशुकल्याण आधारभूत, अमर मावि (पाखापानी), हरि आधारभूत, रायखोर र जनआदर्श आधारभूत विद्यालयमा मगर भाषामा पठनपाठन सुरु भएको उनले जानकारी दिए। नेपाल एकीकरणको समयदेखि तत्कालीन रिडीखोला/कालीगण्डकी नदीबाट पूर्वका १२ र पश्चिमका १८ मगर राज्यहरूको अस्तित्व मेटिएसँगै मगर खाम भाषा र लिपिको इतिहास मेटिँदै गएको जानकारहरू बताउँछन् ।

रघुगंगा-१, ४, ५, ६ र ७ वडामा मगर समुदायको बाहुल्य बसोबास छ । वडा नं ८ कुइनेमंगले र वडा नं ६ को ठाँडाखानीमा अल्पसंख्यक छन्त्याल समुदायको बसोबास छ। गाउँपालिकाका अध्यक्ष भण्डारीले छन्त्याल भाषामा पनि पठनपाठन गराउन पहल भएको बताए । वडा नं २ भगवती र वडा नं ३ पिप्लेमा क्षेत्री, दलित, ब्राह्मण र ठकुरी समुदायको बसोबास छ। *रासस*

# गर्मी छल्न विद्यालयहरू धमाधम बन्द गरिँदै

**महोत्तरी–** महोत्तरीका स्थानीय तहले एकपछि अर्को गर्दै पछिल्लो साता बढेको गर्मी छल्न धमाधम विद्यालय बन्द गर्दै छन्। पछिल्लोपटक गौशाला नगर कार्यपालिकाको कार्यालयले शुक्रबारदेखि आउने सोमबारसम्म नगर क्षेत्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको छ। यसअघि बर्दिबास नगर कार्यपालिकाको कार्यालयले बिहीबारदेखि नै विद्यालय पूर्णरूपमा बन्द गरिसकेको छ।

घामको प्रचण्ड रापसँगै बहने तातो हावाले बालबालिकाको स्वास्थ्य चासोलाई ख्याल गरिएर नगर क्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय बन्द गर्ने निर्णय भएको गौशाला नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले सूचना जारी गर्दै जनाएका हुन्। विद्यालय बन्दको निर्णय गर्ने गौशाला र बर्दिबास दुवै जिल्लाका सुदूर उत्तरवर्ती स्थानीय तह हुन्।

जिल्लामा मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमा घामको राप र गर्मीको असर बढी छ। मध्य र दक्षिणी क्षेत्रको चिम्टयाइलो र लिसाइलो माटो हुँदा कम तात्ने हुन्छ। तर उत्तरी क्षेत्रको धेरैजसो भेगमा बलौटे माटो भएको हुँदा चाँडै तात्ने र तातो वाफ फैलँदा यता राप र गर्मीको असर बढेको जलवायु र मौसमविज्ञ बर्दिबास-१ का बासिन्दा नागदेव यादव बताउँछन्।

जिल्लाका मध्य र दक्षिणी क्षेत्रमा पनि अब शनिबार र आइतबारको मौसम अवस्था हेरेर यसबारे निर्णय लिने तयारीमा स्थानीय तह छन्। 'शनिबार र आइतबार त नियमित साप्ताहिक बिदा नै छ, यसपछि सोमबारसम्म मौसममा सुधार नआए के गर्ने भन्ने सोचिन्छ,' एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले भने। जिल्लामा १० नगरपालिका, पाँच गाउँपालिकासहित १५ स्थानीय तह छन्। यसपटक गत शनिबारयता तापक्रम निकै बढेको छ। त्यसयता दिनहुँजसो एकटंकारको घामको राप बढ्दो छ। मध्याह्नदेखि अपराह्न ४:०० बजेसम्म ३८/३९ डिग्री सेल्सियस तापमान रहने गरेको छ। *रासस*

## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/२/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र चिलाउने जातको गोलिया थान ८५ को १२२८.०० घनफिट काठ तथा साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बागभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ४, मकवानपुर**

## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/२/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १८२ को २०३२.९७ घनफिट काठ तथा साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**ब्रह्म सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - २, मकवानपुर**

## रुद्रेश्वर पार्क निर्माण आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२३**

बागमती प्रदेश, धादिङ जिल्ला गजुरी गाउँपालिका वडा नं. १ मा गजुरी गाउँपालिका, धादिङद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **गजुरी गाउँपालिका**<br>गाउँपालिकाको कार्यालय गजुरी, धादिङ<br>फोन नंः- ०१०-४०२०६३<br>ई-मेलः gajurirmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | **रुद्रेश्वर पार्क निर्माण आयोजना**<br>**अवयवहरूः** मन्दिर परिसर, चौतारा, टिकट काउन्टररगार्ड हाउस, सार्वजनिक सौचालय, पौडी पोखरी, बालबालिका खेल क्षेत्र, ध्यान क्षेत्र, पर्गोला, पदमार्ग तथा स्टेप सिटिङ,<br>**कुल क्षेत्रफलः** १.०७८ हेक्टर |
| **प्रभाव पर्ने जिल्ला तथा गाउँपालिका** | धादिङ जिल्ला, गजुरी गाउँपालिका वडा नं. १ |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरूप प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ सार्वजनिक सूचना मार्फत योजनाबाट प्रभावित गाउँपालिका अन्तर्गतका सरकारी संघसंस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थिति भई अमुल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| गजुरी गाउँपालिका वडा नं. १ रूद्रेश्वर मन्दिर प्राङ्गण | २०८३/०२/२८ | बिहान ८:०० बजे |

## साउदीमा रोजगार

कम्पनी : ABDA AL WATAN TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 342976 | चलानी नं. ६०२५६३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 5 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ ३० गते (13 June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम इजाजत नं. ५१०/०६१/०६२

## साउदीमा रोजगार

कम्पनी : SLICE CAKE SWEETS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343012 | चलानी नं. ६०२५६३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1100 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ ३० गते (13th June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## साउदीमा रोजगार

कम्पनी : FAISAL SALEM AI-HARBI FOR SERVING BEVERAGES EST

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 343026 | चलानी नं. ६०२५६३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 4 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OUT COFFEE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | LT. No. 343025 | चलानी नं. ६०२५६३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 5 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## Fewa HR Solutions Pvt. Ltd.

KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

### साउदीमा रोजगार

कम्पनी : Establishment AL TAMDINE OUTANIYA For Contracting — शेवा शुल्क:१०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 343008 | चलानी नं.६०२५६३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Worker | 20 | 0 | 1000 | ४०,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## कतारमा रोजगार

कम्पनी : ABRAL LITJARH

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 342998 | चलानी नं. ६०२५६३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Building | 1 | 0 | 1200 | ४९,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | 1200 | ४९,८४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, +977 981-3407729,+977 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

## युएइमा रोजगार

कम्पनी : PEARL TECH CONSTRUCTIONS - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 328977 | चलानी नं. ६०२४२७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolders | 8 | 0 | 1500 | ६२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 11 | 0 | 1500 | ६२,७३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## बहराइनमा रोजगार

कम्पनी : SLINGTEK WLL

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 342990 | चलानी नं. ६०२५६३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 12 | 0 | 100 | ४०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ ३० गते (13 June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४, गंगा तामाङ : ९८२३५२५२०४
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np
श्रम इजाजत नं. ३१७/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : FAHAD NAWAR AL NAMIR COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 343009 | चलानी नं. ६०२५६३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 23 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA OVERSEAS SERVICE PVT. LTD.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## कतारमा रोजगार

कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343018 | चलानी नं. ६०२५६३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Hospital | 0 | 3 | 1000 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Cleaner | 0 | 2 | 1000 | ४१,५३५ | | | | | | | |
| 3 | Labor Asphalts Roofing | 4 | 0 | 1000 | ४१,५३५ | | | | | | | |
| 4 | Labourer | 8 | 0 | 1000 | ४१,५३५ | | | | | | | |
| 5 | Road Maintenance Laborer | 4 | 0 | 1000 | ४१,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np
Govt. License 1331/074/75

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०९००० | प्रति तोला – ० | प्रति तोला – ५२३० |



**खेतीपातीमा व्यस्त किसान** | लुम्बिनी प्रदेशको प्यूठान नगरपालिकास्थित बिजुवार फाँटमा धान रोप्दै कृषक । नगरपालिकाले सिँचाइ कुलोको उचित व्यवस्थापन गरेसँगै किसानहरू यतिबेला खेतमा व्यस्त देखिन्छन् ।
*तस्बिरः केशर सुनार/रासस*

# बूढीगण्डकी योजना प्राधिकरण मोडलमा अगाडि बढाइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले बुढीगण्डकी जलविद्युत् आयोजनालाई बहुउद्देश्यीय र लगानीयोग्य बनाउने उद्देश्यका साथ प्राधिकरण स्थापना गर्न लागिएको स्पष्ट पारेको छ । आगामी आर्थिक वर्षको बजेटमा आयोजनालाई प्राधिकरण मोडलमा अगाडि बढाउने व्यवस्था गरिएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सो आयोजनालाई थप सम्भाव्य बनाउने उद्देश्यका साथ प्राधिकरण मोडल अगाडि सारिएको जानकारी दिनुभयो । शुक्रबार सञ्चारकर्मीहरूसँगको भेटमा उनले जलविद्युत् आयोजनाका रूपमा मात्रै अगाडि बढाउँदा राज्यको लगानीको अपेक्षित प्रतिफल कम आउने भएकाले सिँचाइ, खानेपानी, मत्स्यपालन तथा पर्यापर्यटनसमेत सञ्चालन गर्ने उद्देश्यले बहुउद्देश्यीय बनाउन लागिएको उल्लेख गरे ।

कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजनाको काम समानान्तर रूपमा अगाडि बढाउन मन्त्रालयले आवश्यक पहल गरेको मन्त्री श्रेष्ठले बताए । उनका अनुसार आयोजनास्थलसम्म पुग्ने पुल तथा आवासस्थल बनाउनका लागि ठेक्का प्रक्रिया अगाडि बढाइएको छ ।

आयोजनाको आवश्यक ढाँचा तय भइसकेको छ । कम्पनी ढाँचामा अगाडि बढिरहेको आयोजनालाई थप अधिकारसम्पन्न बनाउने उद्देश्य सरकारले राखेको मन्त्री श्रेष्ठले स्पष्ट पारे । लामो समयसम्म आयोजना अगाडि नबढ्दा अन्योलता बढिरहेको अवस्थामा सरकारले आवश्यक समन्वय तथा सहजीकरण गरिरहेको उनले जानकारी दिए ।

लोड सेन्टर (बिजुली खपत हुने मुख्य क्षेत्र) नजिक भएकाले पनि आयोजना प्राथमिकतामा रहेको जानकारी दिँदै मन्त्री श्रेष्ठले बजेटमा उल्लेख गरिएको प्राधिकरण सोही प्रयोजनका लागि रहेको स्पष्ट पारे । ऊर्जा मन्त्रालयले सरोकार भएका सबै मन्त्रालयसँग पनि एकीकृत रूपमा परियोजनाका सन्दर्भमा छलफल गरेको उनले जानकारी दिए । आयोजनाको जलाशय रहने क्षेत्रमा चक्रपथ निर्माण गर्ने तथा पर्यटनको पूर्वाधार निर्माण गर्ने योजना अगाडि सारिएको छ ।

ऊर्जा मन्त्रालयले तय पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा सो आयोजना विसं २०९१ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्याक्टबेलले तयार पारेको छ । आयोजनामा कुल २६३ मिटर अग्लो बाँध निर्माण हुनेछ । धादिङको बेनीघाटबाट दुई किलोमिटर उत्तरमा बाँध निर्माण हुनेछ ।

बढी बिजुली माग हुने काठमाडौं, पोखरा, नारायणगढलगायत 'लोड सेन्टर' नजिकको सो आयोजना आफैंमा महत्वपूर्ण मानिएको छ । सरकारले २०७९ असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो । मुलुकको ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण मानिएको सो आयोजना निर्माणका लागि सरकारले प्राथमिकतामा राखेको छ ।

आयोजनाबाट झन्डै आठ हजार ११७ घरपरिवार प्रभावित हुनेछन् । आयोजना प्रभावितलाई हालसम्म करिब रु ४५ अर्ब मुआब्जा वितरण भइसकेको छ । यस्तै, जग्गा अधिग्रहण करिब ९६ प्रतिशत सम्पन्न भएको छ । पुनर्वास तथा स्थानान्तरणका लागि छुट्टै कार्यविधि तय भए पनि कार्यान्वयन भने भएको छैन ।

सो आयोजनालाई सरकारले राष्ट्रिय गौरवमा सूचीकृत गरेको छ । सुरुमा आयोजनाको लागत रु दुई खर्ब ६० अर्बबराबर रहने उल्लेख गरिए पनि निर्माण लागत तथा समयसमेत बढ्दै जाँदा हाल झन्डै चार खर्बबराबर पुगेको छ । नीतिगत अन्योल, लगानी निर्माणमा ढाँचा तय गर्न भएको ढिलाइ र निर्णय प्रक्रियामा भएको सुस्तताका कारण लागत बढेको सरोकार भएकाहरूको टिप्पणी रहँदै आएको छ । आयोजनाबाट वार्षिक करिब तीन अर्ब ३८ करोड युनिट विद्युत् उत्पादन हुने अनुमान छ । बिजुली बिक्रीबाट मात्रै आयोजनाबाट वार्षिक करिब रु ३१ अर्ब ४८ करोड आम्दानी हुने प्रक्षेपण छ । आयोजनाको उत्पादन अनुमतिपत्र ५० वर्षका लागि रहनेछ ।

# एक दशकभित्र १०० अर्ब डलरको अर्थतन्त्र बनाउन सकिन्छः अध्यक्ष पाण्डे

■ प्रभाव संवाददाता



**काठमाडौं –** नेपाल उद्योग परिसंघ (सिएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डेले एक दशकभित्र मुलुकको अर्थतन्त्रको आकार १०० अर्ब डलरको बनाउन सकिने बताएका छन् । शुक्रबार आयोजित परिसंघको २३औँ वार्षिक साधारणसभामा अध्यक्ष पाण्डेले सन् २०३३ सम्ममा प्रचलित मूल्यमा र सन् २०३९ सम्ममा वास्तविक मूल्यमा मुलुकको अर्थतन्त्रको आकार १०० अर्ब डलरको बनाउन सकिने अध्ययनले देखाएको बताए । परिसंघले लगानी बोर्डसँगको सहकार्यमा उक्त अध्ययन गरेको थियो ।

'बीसभन्दा बढी विज्ञले करिब आठ महिनासम्म गरेको अध्ययनअनुसार उक्त लक्ष्य हासिल गर्न वार्षिक औसत छ प्रतिशत आर्थिक वृद्धि आवश्यक देखिन्छ । सरकारले सात प्रतिशत वृद्धिको लक्ष्य राखेको छ भने हाम्रो अध्ययनले दीर्घकालीन रूपमा छ प्रतिशत वृद्धि कायम राख्न सके लक्ष्य हासिल सम्भव रहेको देखाएको छ ।'

उक्त लक्ष्यलाई अघि बढाउन परिसंघले ऊर्जा, उत्पादन, पर्यटन, आइसिटी, कृषि, पूर्वाधार र संस्थागत सुधारसम्बन्धी १०० वटा सम्भावित उपाय प्रस्ताव गरेको उनको भनाइ छ । उनले अध्ययनका क्रममा पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, उत्पादनमूलक उद्योग, पर्यटन, कृषि, खानी तथा खनिज, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी गरिएको बताए । अध्ययनमा सन् २०२५ लाई आधार वर्ष मानी सन् २०३० सम्म सुधारका प्रभावहरू विश्लेषण गरिएको उनको भनाइ छ ।

'अध्ययनमा निजी क्षेत्रको भूमिका, लगानी, रोजगारी सृजना र आर्थिक गतिविधि विस्तारमा केन्द्रित गरिएको थियो, उक्त लक्ष्य हासिल गर्न सरकारबाट लगानीमैत्री नीति तथा विकास साझेदारबाट ज्ञान, वित्तपोषण र प्रविधिको सहयोग आवश्यक छ', उनले भने । गरिबी न्यूनीकरण, विद्युत् पहुँच विस्तार, जलविद्युत् सम्भावना, युवा जनशक्ति, उद्यमशीलता, पर्यटन, रणनीतिक भौगोलिक अवस्थिति र डिजिटल क्षमताजस्ता आधारहरूले यो अभियानलाई बलियो बनाएको उनले उल्लेख गरे ।

# नेपालमा लगानी श्रीलंकाली व्यवसायी तयार

**काठमाडौं (प्रस)–** श्रीलंकाका व्यवसायीहरूले आफूहरू नेपालमा लगानी गर्नका लागि आफूहरू तयार रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ र सिलोन चेम्बर अफ कमर्सबीच भएको छलफलमा दुई देशबीच लगानी प्रवर्द्धनका लागि छलफल हुनुका साथै श्रीलंकाका व्यवसायीहरूले आफूहरू नेपालमा लगानी गर्न तयार रहेको बताएका हुन् ।

महासंघका वस्तुगत उपाध्यक्ष नरेशलाल श्रेष्ठले नेपालमा ४० हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादनको सम्भावना रहेको उल्लेख गर्दै त्यसमा लगानी गर्नका लागि आग्रह गरेका थिए । नेपाल सरकारले जलविद्युत्मा लगानी प्रवर्द्धनका लागि सहज नीति लिएको बताउँदै सोही अनुरूप खर्बौं रूपैयाँ लगानी आवश्यक भएकोसमेत उनको भनाइ थियो । 'नेपालमा झण्डै दुई तिहाई बहुमतको सरकार छ, वर्तमान सरकारले विदेशी लगानी प्रवर्द्धनका लागि सहजीकरण गरिरहेको पनि छ', उनले भने ।

नेपालमा पनि श्रीलंकामा जस्तै जडीबुटी उद्योगका लागि आवश्यक कच्चापदार्थ प्रचुर मात्रामा रहेको भन्दै सोही अनुरूप उद्योग खोल्नका लागि उनले श्रीलंकाली उद्योगी व्यवसायीलाई उनले आग्रह गरेका थिए । हाल नेपालले सस्तो मूल्यमा जडीबुटी उद्योगका लागि आवश्यक कच्चापदार्थ निर्यात गरिरहेको उनको भनाइ थियो । श्रीलंकास्थित नेपाली दूतावासका सचिव सागर भण्डारी नेपालमा जलविद्युत्को क्षेत्रमा उच्च सम्भावना रहेको भन्दै लगानीका लागि आग्रह गरेका थिए ।

सिलोन चेम्बरका उपमहासचिव अलेका परेराले नेपालमा पर्यटन पूर्वाधार, जलविद्युत् र जडीबुटी उद्योगमा श्रीलंकाका उद्योगी व्यवसायीहरू लगानी गर्न तयार भएको बताएका थिए । जडीबुटी उद्योगमा श्रीलंका धेरै अगाडि रहेको उल्लेख गर्दै उनले नेपालमा पनि सम्भावना भएकाले आफूहरू उद्योग स्थापनाका लागि तयार रहेको बताए । महासंघका तर्फबाट केन्द्रीय कार्यकारणी सदस्य भक्तबहादुर हमालले दुई देशबीचको व्यापारको सम्बधमा प्रस्तुतीकरण दिएका थिए ।

# हिमालय एयरलाइन्स्को काठमाडौं-शेन्जेन उडान सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालको एक मात्र निजी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी हिमालय एअरलाइन्स्ले बिहीबारदेखि काठमाडौं र चीनको 'सिलिकन भ्याली'का नामले प्रख्यात शेन्जेनबीच ऐतिहासिक सिधा उडान सेवा सुरु गरेको छ ।

हिमालय एअरलाइन्स्ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंबाट शेन्जेनस्थित शेन्जेन बाओ'आन अन्तर्राष्ट्रिय विमानस्थलबीच साप्ताहिक दुई सिधा उडानहरू सेवा आरम्भ गरेको छ । यो नेपालको नागरिक उ•यन इतिहास तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको दृष्टिकोणबाट एक महत्वपूर्ण र ऐतिहासिक उपलब्धि हो ।

हाम्रो ऐतिहासिक काठमाडौं-शेन्जेन उडान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिहीबार नेपाली स्थानीय समयअनुसार राति ०९:५९ बजे ९८ यात्रुसहित प्रस्थान गरेको थियो । उक्त विमान शुक्रबार चीनको स्थानीय समयअनुसार बिहान ०४:१७ बजे शेन्जेन स्थित शेन्जेन बाओ'आन अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

त्यसैगरी, शेन्जेन-काठमाडौं उडानले शेन्जेन बाओ'आन अन्तर ाष्ट्रिय विमानस्थलबाट शुक्रबार बिहान चीनिया स्थानीय समयअनुसार ०६:१२ मा १५७ यात्रुसहित प्रस्थान गरी सोही दिन नेपाली स्थानीय समयअनुसार बिहान ०८:२६ मा काठमाडौं अवतरण गरेको थियो ।

काठमाडौंबाट शेन्जेनका लागि प्रत्येक मङ्गलबार र बिहीबार प्रस्थान उडान हुनेछ भने शेन्जेनबाट काठमाडौंका लागि फर्कने उडान प्रत्येक बुधबार र शुक्रबार सञ्चालन हुनेछ ।

यो नयाँ सेवा सुरु भएसँगै यसले यात्रुहरूको पहुँचमा वृद्धि गर्दै नेपाल र चीनबीचको लामो समयदेखिको सम्बन्धलाई अझै मजबुत बनाउने छ । यस पहलका साथ, हामीले काठमाडौं-शेन्जेन-काठमाडौं मार्गलाई प्रवर्द्धन गर्दै हाम्रा यात्रुहरूका लागि आरामदायी र रमणीय यात्रा विकल्पहरू उपलब्ध गराउने लक्ष्य राखेको छ ।

## कर्पोरेट

### कुमारी बैंकद्वारा इलाममा वृक्षरोपण कार्यक्रम




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले विश्व वातावरण दिवसका अवसरमा इलाममा ३०० वटा बिरुवा रोपेको छ । बैंकको फिक्कल शाखा मार्फत ईलाम नगरपालिका र लुम्विनी विश्व शान्ति मञ्चसँग सहकार्य गरी इलाम नगरपालिकाको स्वामित्वमा रहेको चियाबगान क्षेत्रभित्र वृक्षरोपण कार्यक्रम सम्पन्न गरिएको हो ।

उक्त वृक्षरोपण कार्यक्रमले भविष्यमा प्राकृतिक सन्तुलन संरक्षण, हरियाली प्रवर्द्धन तथा वातावरणीय सुधारमा टेवा पुऱ्याउने, जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनप्रति उत्तरदायित्वपूर्ण कदमका रूपमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । साथै, हरियाली विस्तारसँगै इलामजस्तो पर्यटकीय क्षेत्रको आकर्षण थप वृद्धि भई भविष्यमा दिगो पर्यटन विकासमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

विगत २५ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिंदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका २८६ शाखा सञ्जाल तथा ४१ एक्सटेन्सन काउन्टरहरूबाट 'समुदायका लागि कुमारी बैंक' अवधारणाअन्तर्गत देशभर विविध सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ । जस अन्तर्गत विपन्न तथा आवश्यकतामुखी विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण, सामुदायिक तथा सरकारी विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग, स्वच्छ वातावरण निर्माणका लागि सरसफाईका सामाग्रहरूको वितरण, अनाथालयहरूमा सहयोग गर्नुका साथै वित्तीय तथा डिजिटल साक्षरता अभिवृद्धिका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आएको छ र आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

### एनआइसी एसिया बैंक र इफिक्स नेपालबीच सम्झौता



**काठमाडौं (प्रस)–** एनआईसी एशिया बैंक लिमिटेड र नेपालका लागि अनर ब्राण्डका स्मार्टफोनको आधिकारिक विक्रमे इफिक्स नेपाबीच सम्झौता भएको छ । यी दुई संस्थाबीच बैंकका ग्राहक महानुभावहरूलाई विशेष सुविधा प्रदान गर्ने सम्बन्धी द्विपक्षीय सम्झौता सम्पन्न भएको हो ।

उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट चिफ ट्रान्जेक्सन बैंकिङ्ग नरेन्द्र मैनाली र इफिक्स नेपालका तर्फबाट आइटी म्यानेजर अश्विन गोपाल शर्माले हस्ताक्षर गरे । यस सम्झौता अनुसार एनआईसी एशिया बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताहरूले शून्य प्रतिशत ब्याजमा अनर ब्राण्डका स्मार्टफोनहरू अनलाइनबाट क्रेडिट कार्ड मार्फत खरिद गरी आकर्षक मासिक किस्ताबन्दीमा भुक्तानी गर्न सकिनेछ ।

ग्राहकले कुनै थप ब्याज बिना अधिकतम १२ महिनासम्मको अवधिमा रकम भुक्तानी गर्न सक्ने गरी आकर्षक स्मार्टफोनहरू खरिद गर्न सक्ने विशेष लाभ हासिल गर्न सक्नुहुनेछ र मासिक किस्तावन्दीका लागि बैंकको पोर्टलबाट सहजै अनलाइन आवेदन दिई भुक्तानीलाई मासिक किस्ताबन्दीमा रूपान्तरण गर्न सकिनेछ ।

साथै, विदेशमा रहेका नेपालीहरूले समेत इफिक्स नेपालको वेबसाइटमा बैंकको अत्याधुनिक कार्डमा आधारित अनलाइन भुक्तानी गेटवे प्रणालीमार्फत भुक्तानी गरी नेपालमा रहेका आफ्ना परिवार तथा आफन्तजनका लागि स्मार्टफोन उपहार पठाउन सक्नेछन् । यस साइबरसोर्स प्रणालीमा जुनसुकै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंकहरूद्वारा जारी गरिएका भिसा र मास्टरकार्ड प्रयोग गर्न सकिने व्यवस्था छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ